# आर्थिक राष्ट्रिय दैनिकमा प्रथम पटक मिति २०७७।०८।१९ गतेका दिन तथा दोस्रो पटक मिति २०७७।०८।२१ गतेका दिन प्रकाशित सूचना

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

## मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

महाराजगंज, काठमाडौं।

## नवौं वार्षिक साधारणसम्बन्धी सूचना।

यस कम्पनीको मिति २०७७।०८।१७ मा बसेको सञ्चालक समितिको २२७औं बैठकको निर्णयानुसार यस कम्पनीको **नवौं** बार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा बसी निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि अनुरोध गरिएको छ । विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस (COVID-19) नेपालमा पनि महामारीको रुपमा फैलिइरहेको परिप्रेक्ष्यमा नेपाल सरकारले जारी गरेका सुरक्षा मापदण्डहरूसमेतको पूर्ण पालना गरी सभा सञ्चालन गर्नुपर्ने अवस्था भएकोले यस्तो विशेष परिस्थितिलाई मध्यनजर गरी साधारण सभामा उपस्थित हुन तथा भाग लिनको लागि विद्युतीय माध्यम (भर्चुअल- Google Meet) बाट सभामा भाग लिने व्यवस्था मिलाइएको हुँदा विद्युतीय माध्यमबाट उपस्थित भई भाग लिई दिनुहुन पनि अनुरोध छ।

**<u>साधारण सभा हुने मिति, समय र स्थान:</u>**

मिति: २०७७।०९।१३ गते, सोमबार (तदानुसार डिसेम्बर २८, २०२०)।

समय: बिहान ११:०० बजे।

स्थान: चिलिमे जलविद्युत कम्पनी लि.को केन्द्रीय कार्यालय, धुम्वाराही, काठमाडौंबाट भर्चुअल- Google Meet मार्फत साधारण सभा सञ्चालन हुनेछ।

*(विद्युतीय माध्यमबाट सभामा भाग लिन शेयरधनीहरुलाई Meeting ID र Password उपलब्ध गराइनेछ।)*

**<u>साधारण सभा छलफल हुने बिषय सूची:</u>**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आ.ब.२०७६।०७७ को बार्षिक प्रतिवेदनको प्रस्तुति र सो को स्वीकृति।

(२) लेखापरीक्षण प्रतिवेदनसहित २०७७ साल आषाढ मसान्तको वासलात र आर्थिक वर्ष २०७६।०७७ को आय विवरण तथा नगद प्रवाह विवरण र अनुसूचीहरू सहितको वित्तीय विवरणहरूमा छलफल गरी पारित गर्ने।

(३) आ.ब.२०७७।०७८ को हिसाब लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने।

(४) **<u>विशेष प्रस्ताव:</u>**
विभिन्न संघ संस्थाहरुलाई आर्थिक सहायता दिइएको रकम अनुमोदन सम्बन्धमा।

(५) विविध।

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

२०७७।०८।१८

**<u>द्रष्टब्य:</u>** विद्युतीय माध्यम (भर्चुअल-Google Meet) बाट वार्षिक साधारण सभा सञ्चालन सम्बन्धी विस्तृत विवरण एवं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरू यस कम्पनीको वेबसाइट (www.mbjcl.com.np) मा राखिएको हुँदा त्यहाँबाट हेर्न हुन अनुरोध गरिन्छ।